# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ०५ | काठमाडौं | शनिबार, १५ वैशाख २०८१ | Prabhab National Daily | Saturday, April 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# उपनिर्वाचन आज

## मतदानमा सहभागी हुन आयोगको अपिल

■ प्रभाव संवाददाता

**काठमाडौं–** इलाम जिल्लाको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. २ र बझाङ प्रदेश सभा (१) मा आज उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले दुवै निर्वाचन क्षेत्रमा आज बिहान ७ बजेदेखि मतदान हुने जानकारी दिएको छ । मतदान साँझ ५ बजेसम्म चल्ने छ । आयोगले मतदानमा सहभागी हुन मतदाताहरूलाई अपिल गरेको छ । आयोगका सहप्रवक्ता रामदत्त पाण्डेयले शुक्रबार विज्ञप्ति जारी गर्दै निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए ।

इलाम–२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्बाङको निधनपछि रिक्त भएको स्थानमा पदपूर्तिका लागि उपनिर्वाचन हुन लागेको हो । यस्तै सडक दुर्घटनामा परी सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिलामन्त्रीसमेत रहेका सांसद पृथ्वीबहादुर सिंहको निधन भएपछि बझाङ प्रदेशसभा (१) मा उपनिर्वाचन हुन लागेको हो ।

'शनिबारका दिन बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म आफ्नो तोकिएको मतदान केन्द्रमा उपस्थित भई अमूल्य मतको सदुपयोग गरी मतको महत्त्वलाई बुझेर आफूले छानेको उम्मेदवारको चिह्नमा निर्धक्क भई मतदान गर्न सम्पूर्ण मतदाताहरूमा निर्वाचन आयोग हार्दिक अपिल गर्दछ,' आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अगाडिबाट सुरू भएको प्रचारप्रसार निषेधको अवधिमा निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०७९ को पालनामा आयोगले विशेष सजगता अपनाएको जनाएको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन अनुगमन समिति, अनुगमन अधिकृत, मतदान कार्यमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीबाटसमेत सूक्ष्म अनुगमनको कार्य भएको आयोगको भनाइ छ ।

आयोगले मतदानका दिन निर्वाचन क्षेत्रमा सार्वजनिक यातायातसमेत चल्न दिने भएको छ । यसअघिका निर्वाचनमा सार्वजनिक सवारी बन्द गरिन्थ्यो । पास भएका सवारी मात्र चलाउन पाइन्थ्यो । आयोगले भनेको छ, 'निर्वाचनको स्वच्छता, निष्पक्षता तथा पारदर्शितामा असर नपर्ने गरी सम्बन्धित निर्वाचन क्षेत्रका मतदाताहरूको सहज आवागमनका लागि सार्वजनिक यातायात संचालनको उपयुक्त प्रबन्ध गर्न गृह मन्त्रालयमार्फत सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भइसकेको छ ।' आयोगले भयरहित वातावरणमा शान्तिपूर्ण मतदान सम्पन्न गर्न आयोग दृढ रहेको जनाउँदै यसमा सहयोगका लागि सरोकारवाला सबैसँग आग्रह गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)




- बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान
- सार्वजनिक यातायातसमेत चल्न दिइने
- इलाम–२ मा एक लाख १६ हजार ८८९ र बझाङ प्रदेशसभा (१) मा ६१ हजार ७४८ मतदाता
- भयरहित वातावरणमा मतदान सम्पन्न गर्न आयोग दृढ
- अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिन सबैको सहयोग अपेक्षा

### इलाममा १९ र बझाङमा १२ उम्मेदवार

इलाम–२ मा एक लाख १६ हजार ८८९ मतदाता छन् । यहाँ ७९ मतदानस्थल र १४९ मतदान केन्द्र रहेको आयोगले जनाएको छ । यस निर्वाचन क्षेत्रमा १९ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएअनुसार १२ जना राजनीतिक दलका उम्मेदवार छन् । बाँकी सात जना भने स्वतन्त्र उम्मेदवार हुन् ।

राजनीतिक दलबाट नेकपा एमालेबाट सुहाङ नेम्बाङ, नेपाली कांग्रेसबाट डम्बर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मिलन लिम्बू, नेकपा एकीकृत समाजवादीबाट जितबहादुर राई, जनमत पार्टीबाट प्रेमद्धिप थाम्सुहाङ, (क्रमशः पृष्ठ २ मा)

# लगानी सम्मेलनमा प्रस्तुत गर्न तयार १५१ परियोजना

■ हेमन्त जोशी

**काठमाडौं–** मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएर कलकारखाना, उद्योगधन्दा स्थापनालगायत आर्थिक उन्नयनका परियोजना कार्यान्वयन गर्ने लक्ष्यका साथ आयोजना हुन तेस्रो लगानी सम्मेलनमा १५१ परियोजना प्रस्तुत गरिने भएको छ ।

पर्याप्त पुँजी, प्रविधि र मानव संसाधनका लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी पनि आवश्यक भएकाले समग्र देशको विकासमा योगदान गर्ने ठानिएका ती परियोजना आगामी आइतबार र सोमबार यहाँ आयोजना हुने सम्मेलनमा प्रस्तुत हुने छन् । लगानी बोर्डको ५८औं बैठकले ती परियोजनाका निम्ति आशयपत्र माग, लगानीकर्तासँग परियोजनाबारे विस्तृत छलफल गर्ने निर्णय गरेको छ । सम्मेलनमा सबैभन्दा धेरै ऊर्जा क्षेत्रका ३१ वटा आयोजना समावेश गरिएका छन् ।

बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार यातायात क्षेत्रका १९, खानी तथा खनिजजन्य क्षेत्रका १३, पर्यटन क्षेत्रका १३, कृषिका १४, उत्पादन क्षेत्रका पाँच, औद्योगिक पूर्वाधार तथा व्यापारसम्बन्धी सात, स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन, सञ्चार तथा सूचना प्रविधि क्षेत्रका दुई, पानी आपूर्तिका चार र सहरी विकास क्षेत्रका छवटा परियोजना छन् । निजी क्षेत्रबाट प्रस्तुत ३१ वटा परियोजना पनि बाह्य लगानीका लागि समावेश गरिएको छ । प्रत्यक्ष वैदेशिक लगानीका लागि लगानीकर्तालाई आमन्त्रण गरिने ती परियोजना यी हुन्:

#### यातायात क्षेत्रका १९ आयोजना

बेथानचोक नारायणथान दर्शन केबलकार, काठमाडौं चक्रपथ विद्युतीय बस 'र्‍यापिड ट्रान्जिट' प्रणाली आयोजना, चन्द्रागिरि–चित्लाङ–पालुङ–चितवन द्रुतमार्ग (एक्सप्रेस वे) आयोजना, चितवन–रामपुर–बुटवल द्रुतमार्ग आयोजना, चितवन–रामपुर–पोखरा द्रुतमार्ग आयोजना, विद्युतीय सवारीसाधनका लागि 'फास्ट चार्जिङ स्टेसन', सुदूरपश्चिम सार्वजनिक यातायात आयोजना, मधेस प्रदेश सार्वजनिक यातायात परियोजना, पाटन ढोका, जावलाखेल र लामाचौरमा बहुतले पार्किङ निर्माण परियोजना, मलेखु–लोथर सडक र सुरुङ परियोजना, दाउन्ने खण्ड रोड सुरुङमार्ग, हेम्जा–नयाँपुल खण्डसडक सुरुङमार्ग आयोजना, मिर्चैया–कटारी–घुर्मी सडक आयोजना, धरान लेउती रोड सुरुङमार्ग आयोजना, मेट्रो रेल १: सातदोबाटो–रत्नपार्क–नारायणगोपाल चोक, मेट्रो रेल २: कीर्तिपुर–कालीमाटी–नयाँ बानेश्वर–एयरपोर्ट, मेट्रो रेल ३: कोटेश्वर–चाबहिल–स्वयम्भू–कोटेश्वर, आधुनिक टर्मिनलसहितको बसपार्क परियोजना, पोखरा महानगरपालिका र पोडवे आयोजना पोखरा महानगरपालिका रहेका छन् ।

#### पर्यटन पूर्वाधारका १७ आयोजना

खप्तड एकीकृत पर्यटन विकास आयोजना, प्रदर्शनी केन्द्र परियोजना, पोखरा महानगरपालिका, मूलबारी–सौनेथुप फुट ट्रेल (ह्वाइट वाल) परियोजना, बेगनास–रूपताल जल खेलकुद आयोजना, पोखरा महानगरपालिका, जानकी हेरिटेज होटल तथा सांस्कृतिक गाउँ परियोजना, लुम्बिनी करिडोरका पालिकाहरूमा 'इलेक्ट्रिक मोबिलिटी करिडोर' विकास आयोजना, 'ग्रेटर लुम्बिनी टुरिस्ट सर्किट' यातायात परियोजना, नुन्थर फिल्म सिटी परियोजना, मनोरञ्जन पार्क बागमारा, चितवन, रुद्रपुरगढी पर्यटन आयोजना, बढिमालिका पर्यटन विकास परियोजना, मुडी पर्यटन विकास परियोजना, ग्रेट हिमालयन ट्रेल पर्यटन परियोजना, दोलखा फिल्म सिटी परियोजना, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र तालतलैया बहुउद्देश्यीय पर्यटन आयोजना ।

#### भौतिक पूर्वाधारका पाँच आयोजना

काँच (ग्लास) उत्पादन परियोजना, डाबर नेपाल प्रालि क्षमता बिस्तार तथा उत्पादन (क्रमशः पृष्ठ २ मा)




पर्याप्त पुँजी, प्रविधि र मानव संसाधनका लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी पनि आवश्यक भएकाले समग्र देशको विकासमा योगदान गर्ने ठानिएका ती परियोजना आगामी आइतबार र सोमबार यहाँ आयोजना हुने सम्मेलनमा प्रस्तुत हुने छन् ।

| कुन क्षेत्रका परियोजना कति | |
|---|---|
| यातायात क्षेत्र | १९ |
| खानी तथा खनिजजन्य क्षेत्र | १३ |
| पर्यटन क्षेत्र | १३ |
| कृषि क्षेत्र | १४ |
| उत्पादन क्षेत्र | ५ |
| औद्योगिक पूर्वाधार तथा व्यापार | ७ |
| स्वास्थ्य तथा शिक्षा क्षेत्र | ३ |
| सञ्चार तथा सूचना प्रविधि क्षेत्र | २ |
| पानी आपूर्ति | ४ |
| सहरी विकास क्षेत्र | ६ |
| निजी क्षेत्रद्वारा तयार | ३१ |

**सन्दर्भ: वैदेशिक रोजगार**

# इपिएस रोस्टरमा रहेका श्रमिकले सेवा क्षेत्र परिवर्तन गर्न सक्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरियन भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा रहेका नेपाली युवाहरूले आफ्नो सर्भिस सेक्टर (सेवा क्षेत्र) परिवर्तन गर्न सक्ने भएका छन् । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले शुक्रबार एक सूचना जारी गर्दै कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रतर्फ रोस्टरमा रहेकाहरूले सेवा क्षेत्र परिवर्तन गर्न सक्ने जनाएको हो ।

शाखाको सूचनाअनुसार रोस्टरको अवधि २०२४ डिसेम्बर ३१ भित्र समाप्त हुने इच्छुक व्यक्तिहरूले रोस्टर परिवर्तन सक्ने छन् । मानव संसाधन विकास (एचआरडी) कोरियाले रोस्टर परिवर्तन गर्न सक्नेहरूको नामावलीसहितको तालिका बिहीबार पठाएको इपिएस कोरिया शाखाले जनाएको छ । शाखाका अनुसार इच्छुक नौ हजार ४२८ जनाले सेवा क्षेत्र परिवर्तन गर्न आवेदन दिन सक्ने छन् ।

यदि कसैले पहिले नै रोजगारदाताले करार सम्झौता गरिसकेको वा रोस्टर अवधि समाप्त भइसकेको वा कुनै कारणले अयोग्य भएमा सेवा क्षेत्र परिवर्तन गर्न भने पाइने छैन । सेवा क्षेत्र परिवर्तन गरिए पनि रोस्टरको अवधि भने थप हुने छैन । अघिल्लो रोस्टरको बाँकी अवधि बराबर नै हुने सूचनामा उल्लेख गरिएको छ । यदि आवेदकहरूको संख्या आवश्यक संख्याभन्दा बढी भएमा




यदि कसैले पहिले नै रोजगारदाताले करार सम्झौता गरिसकेको वा रोस्टर अवधि समाप्त भइसकेको वा कुनै कारणले अयोग्य भएमा सेवा क्षेत्र परिवर्तन गर्न भने पाइने छैन । सेवा क्षेत्र परिवर्तन गरिए पनि रोस्टरको अवधि भने थप हुने छैन ।

जसको रोस्टरमा अवधि छोटो छ त्यस्ता आवेदकहरूलाई प्राथमिकता दिइने बताइएको छ । यद्यपि सेवा क्षेत्र परिवर्तन गर्दैमा कोरियामा रोजगारीका लागि जाने ग्यारेन्टी भएको शाखाले प्रस्ट पारेको छ ।

यसअघि भाषा परीक्षा पास गरेर कोरिया जान पर्खेर बसेका हजारौं युवाहरूले आफूहरूको समस्या समाधानका लागि पहल गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई आग्रह गरेका थिए । गुनासो प्राप्त भएपछि श्रममन्त्री अर्यालले कोरियाका सम्बन्धित निकायका पदाधिकारीसँग पटक–पटक छलफल गरेका थिए । पछिल्लोपटक गत बुधबारमात्रै मन्त्री अर्यालले एचआरडी कोरिया मुख्यालयका प्रतिनिधि, एचआरडी कोरियाका नेपाल प्रतिनिधि, इपिएस शाखा र कोरिया रिटर्नी एवं रोस्टरमा रहेकाहरूबीच गुनासो सम्बोधनका लागि छलफल गराएका थिए । उक्त छलफलमा कोरियाली पक्षले समस्या समाधानका लागि शीघ्र निकास निकाल्ने प्रतिबद्धता व्यक्त गरेको थियो । परिणामस्वरूप त्यसको भोलिपल्ट अर्थात् बिहीबार कोरियाली पक्षले रोस्टर परिवर्तन गर्न सकिने निर्णय गरी इपिएस शाखालाई जानकारी गराएको हो ।

कोरिया जान पर्खेर बसेका हजारौं युवा तथा सरोकारवालाहरूले नेपाल सरकारको यस प्रकारको पहलकदमी तथा कोरिया सरकारको निर्णयलाई सकारात्मक रूपमा लिनुपर्ने प्रतिक्रिया दिएका छन् ।

### दुबई पुऱ्याएर मानव बेचबिखनमा संलग्न हवारी पक्राउ

**काठमाडौं (प्रस)–** क्यानडा पठाइदिन्छु भनी दुबई पुऱ्याएर मानव बेचबिखन गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा बारा सिम्रौनगढ नगरपालिका–३ ठेगाना भई हाल काठमाडौं नागार्जुन नगरपालिका–१ बस्ने फिरोज खान भन्ने २६ वर्षीय फरमान हवारी रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

उनका अनुसार टिकटकको माध्यमबाट चिनजान भएका हवारीले धेरै मानिसहरूलाई क्यानडा पठाइसकेको भनी प्रलोभन देखाउँदै पीडितलाई दुबई पुऱ्याएर बन्धक बनाइराखेको अवस्थामा पीडितको आफन्तको सहयोगमा नेपाल फिर्ता हुन सफल भएका थिए । घटनामा संलग्न रही फरार रहेका हवारीलाई मानवबेचबिखन अनुसन्धान ब्युरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनसँगको समन्वयमा नयाँ बानेश्वरबाट पक्राउ गरेको प्रवक्ता ढकालले बताए ।

उनले भने, 'हवारीले क्यानडा जानका लागि ३० लाख रूपैयाँ लाग्ने बताएको, पीडितलाई बिहे गर्नेसम्म प्रलोभन देखाई नेपालमै पटक–पटक यौन शोषण गरेको र विभिन्न समयमा ११ लाख २८ हजार रूपैयाँ रकमसमेत ठगी गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।'

पक्राउ परेका हवारीउपर मानवबेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य प्रतिवादीहरूकोसमेत प्रहरीले खोजी गरिरहेको प्रवक्ता ढकालको भनाइ छ ।




## पृष्ठ १ बाट क्रमशः

### लगानी सम्मेलनमा...

विविधीकरण, ग्रिन हाइड्रोजन एण्ड अमोनिया प्लान्ट, सूर्यतारा सिमेन्ट उद्योग प्राइभेट लिमिटेड र कागज कारखाना परियोजना ।

### कृषि विकासका १५ आयोजना

एकीकृत 'फिस हचारी', सुविधा सम्पन्न रिसोर्ट निर्माण, बधशाला निर्माण एवं सञ्चालन, चियाको विद्युतीय लिलामी (ई-अक्सन) केन्द्र स्थापना र सञ्चालन एवं गोदाम निर्माण, छुर्पी (डग च्यु) निर्यात प्रवर्द्धन र गुणस्तर सुधार परियोजना, शीत भण्डार गृह (कोल्ड स्टोरेज)को स्थापना परियोजना, जैविक मलको नमूना परियोजनाको विकास, उत्पादन तथा अनुसन्धान केन्द्र, अदुवाको मूल्य शृंखलामा लगानी प्रवर्द्धन योजना, अलैंची आपूर्ति शृंखला सुधार तथा व्यापार अभिवृद्धि परियोजना, आलु मूल्य शृंखला परियोजना, टिमुर (सिचुआन पेपर) मूल्य शृंखला परियोजना, सेम्लार बजार निर्माण, बुटवल, कृषि वन परियोजना (रबर) र पोल सिजनिङ एण्ड ट्रिटमेन्ट प्लान्ट ।

### औद्योगिक पूर्वाधार र व्यापार क्षेत्रका सात आयोजना

दैजी औद्योगिक क्षेत्र, शक्तिखोर औद्योगिक क्षेत्र, सिमरा विशेष आर्थिक क्षेत्र (सेज)मा औद्योगिक क्षेत्र विकास परियोजना (ब्लक डी एण्ड ई), पाँचखाल सेज, सिमरामा विशेष आर्थिक क्षेत्रको विकास तथा बिस्तार (ब्लक बी र सी), चीन-नेपालमैत्री औद्योगिक पार्क र गोदाम (वेयरहाउस) परियोजना, पोखरा महानगरपालिका ।

### ऊर्जा क्षेत्रका ३१ परियोजना

बेतान कर्णाली अर्धजलाशययुक्त (पिआरओआर) जलविद्युत् आयोजना (४३९ मेगावाट), हुम्ला कर्णाली जलविद्युत् आयोजना (६१.०२ मेगावाट), माथिल्लो चमेलिया जलविद्युत् आयोजना (५३.८५ मेगावाट, कोखाजोर स्टोरेज जलविद्युत् आयोजना (६३ मेगावाट), कन्काई बहुउद्देश्यीय आयोजना (६० मेगावाट), कवाडी खोला जलविद्युत् आयोजना (३० मेगावाट), तम डोगर बूढीगण्डकी जलविद्युत् आयोजना (४०.२० मेगावाट), सुपर बूढीगण्डकी जलविद्युत् आयोजना (३४.९३ मेगावाट), 'कम्प्रेस्ड बायो ग्यास प्लान्ट' परियोजना, माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत् आयोजना, ग्रीड जडित कोहलपुर सौर्य परियोजना (मेगावाट पिक) र वाणगंगा (४० मेगावाट) परियोजना, नौमुरे बहुउद्देश्यीय आयोजना (२८१.०४ मेगावाट), खिम्ती शिवालय जलाशययुक्त जलविद्युत् परियोजना (एक हजार २१६ मेगावाट), कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजना (६५० मेगावाट), भारभुङ स्टोरेज जलविद्युत् आयोजना (३३७.१ मेगावाट), कर्णाली चिसापानी वायु ऊर्जा आयोजना (१० मेगावाट), नलगाड जलाशययुक्त जलविद्युत् परियोजना (४१७ मेगावाट), इनरुवा-अनारमणि ४०० केभी प्रसारणलाइन र सबस्टेसन निर्माण, अरुण हब (सितलपाटी-इनरुवा ४०० केभी ट्रान्समिसन लाइन र सबस्टेसन) परियोजना, तिंला-दुधकोशी-ढल्केबर ४०० केभी प्रसारण लाइन र सबस्टेसन, मातातीर्थ-दुकुछाप २२० केभी प्रसारण लाइन परियोजना, दुकुछाप-टेकु २२० केभी प्रसारण लाइन आयोजना, तिङ्ला हब-नयाँ खिम्ती-सुनकोशी-ढल्केबर ४०० केभी प्रसारण लाइन परियोजना, बूढीगण्डकी करिडोर (फिलिम-गुम्बा-रातामाटे) ४०० केभी प्रसारणलाइन परियोजना, दमौली-कुश्मा-बाफिकोट ४०० केभी डबल सर्किट प्रसारण लाइन परियोजना, तमोर-ढुंगेसाँगु २२० केभी प्रसारणलाइन परियोजना, हितार-सितलपाटी (अरुण करिडोर) ४०० केभी प्रसारणलाई परियोजना, सिम्बुवा खोला जलविद्युत् आयोजना (७०.३ मेगावाट), किमाथाङ्का अरुण जलविद्युत् आयोजना (४५४ मेगावाट), मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना (एक हजार ९०२ मेगावाट) र घुन्सा खोला जलविद्युत् आयोजना (७७.५ मेगावाट) ।

### जल आपूर्तिका चार परियोजना

काँक्रे देउराली जल संरक्षण तथा आपूर्ति परियोजना, महादेव खोला जल संरक्षण, सिस्नेरी खानेपानी आयोजना, थोन्से खोला जल संरक्षण तथा पानी आपूर्ति परियोजना ।

### सहरी विकास छ परियोजना

नयाँ सहर विकास परियोजना (इशान), अटो भिलेज परियोजना, पोखरा महानगरपालिका, लगनखेलमा भूमिगत पालिका बजार, बबरमहल प्रशासनिक प्लाजा, पश्चिम सेती टाउन प्लानिङ परियोजना र गोपी कृष्ण केन्द्रीय कम्प्लेक्स ।

### स्वास्थ्य तथा शिक्षा क्षेत्रका तीन परियोजना

सार्वजनिक विद्यालय सुधार परियोजना, गौतमबुद्ध प्रसूति अस्पताल र धुलिखेल मेडिसिटी परियोजना ।

### सूचना तथा प्रविधि क्षेत्र

डेटा सेन्टर प्रोजेक्ट र आइटी पार्क/टेक्नोपार्क (सूचना प्रविधि विकास पार्क)

### खानी र खनिजजन्य क्षेत्रका १३ परियोजना

चुनढुंगा उत्खनन् परियोजना, सब्दु, सितगंगा नगरपालिका, अर्घाखाँची जिल्ला, डोलोमाइट उत्खनन, बोजे, हलेसी तुवाचुङ नगरपालिका खोटाङ, चुनढुंगा उत्खनन, धुनीबेसी घादिङ, ग्रेनाइट उत्खनन, काफलडाँडा, रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक, फलाम र तामा खानी उत्खनन्, भुन्लाबाङ, भुमे गाउँपालिका रुकुम, चुनढुंगा उत्खनन, जैतपानी र खामीलेख, कुपिण्डे नगरपालिका, सल्यान, म्याग्नेसाइट उत्खनन, त्रियुगा नगरपालिका र चौदण्डीगढी नगरपालिका, उदयपुर, सुनखानी, ढोकाढुंगा-फुलिवन, सुनछहारी गाउँपालिका, रोल्पा, फस्फोराइट, ढिकगड, दोगडाकेदार गाउँपालिका, बैतडी, फस्फोराइट, संगाउँ, पुर्चौडी नगरपालिका बैतडी, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-५, चितवन, पेट्रोलियम अन्वेषण, ब्लक नम्बर-४ लुम्बिनी र धौवादी फलाम खानी परियोजना ।

### निजी क्षेत्रद्वारा तयार गरिएका ३१ परियोजना

सिक्लेस अन्नपूर्ण केबलकार परियोजना, भरतपुर आइसल्याण्ड रिसोर्ट एण्ड वाटरल्याण्ड परियोजना, मध्य कालीगण्डकी जलविद्युत् आयोजना, तिप्लचाङ कालीगण्डकी जलविद्युत् आयोजना, आइएमई सिमेन्ट आयोजना (बैतडी), काठमाडौं प्राविधिक विद्यालय, गोपीकृष्ण केन्द्रीय कम्प्लेक्स, जालपादेवी केबलकार परियोजना, कम्पोस्ट मल प्लान्ट, रिभोल्भिङ पार्किङ, माथिल्लो सानीभेरी अर्धजलाशययुक्त जलविद्युत् आयोजना, मुगु कर्णाली जलविद्युत् आयोजना, पेल्मा खोला अर्धजलाशययुक्त जलविद्युत् आयोजना, दानाखोला जलविद्युत् आयोजना, माथिल्लो बूढीगण्डकी जलविद्युत् आयोजना, लान्द्रुक मोदी जलविद्युत् आयोजना, बलेफी खोला जलविद्युत् आयोजना, चुवाखोला (माथिल्लो र तल्लो तटीय) क्यास्केड जलविद्युत् आयोजना, माथिल्लो चुवा लुरूपया खोला अर्ध जलाशययुक्त जलविद्युत् परियोजना, नरखोला जलविद्युत् आयोजना, माथिल्लो अप्सुवा जलविद्युत् आयोजना, माथिल्लो भेरी जलविद्युत् आयोजना, सुर्के दूधकोशी जलविद्युत् आयोजना, माथिल्लो मर्स्यांदी-१ जलविद्युत् आयोजना, अप्सुवा खोला-१ जलविद्युत् आयोजना, तीन चरणमा सगरमाथाको ट्रेलमा १० लक्जरी होटलहरू निर्माण परियोजना, पोडवे प्रयोग गरी चुनढुंगा उत्खनन, हचाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट, सुरुंगा, झापा, प्राकृतिक कृषि फार्म, गोरुसिंगे, तौलिहवा, कपिलवस्तु, महाकाली सेती क्यास्केड पिकिङ हाइड्रोइलेक्ट्रिक परियोजना (५४ मेगावाट) र सेती नदी पिकिङ जलविद्युत् आयोजना (७२ मेगावाट) छन् । *रासस*

●●●

### उपनिर्वाचन आज...

'निर्वाचन आयोग, निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिन दृढ संकल्पित छ,' आयोगले भनेको छ, 'यस उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने कार्यमा सबैको सकारात्मक सहयोग र इमान्दार प्रयत्न हुने छ भन्ने विश्वास व्यक्त गर्दछ ।'

●●●

### इलाममा १९...

नेपाल मजदुर किसान पार्टीबाट श्यामबहादुर दर्जी, मंगोल नेसनल अर्गनाइजेसनबाट मनिबहादुर लिम्बू चुनावी मैदानमा छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट लक्ष्मी गुरुङ, राप्रपा नेपालबाट गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलन दलबाट जयवन्तविक्रम शाह, नेपाली जनता दलबाट रेशमबहादुर सुनार र नेसनल रिपब्लिकन पार्टीबाट धनराज रानामगर उम्मेदवार छन् । पहिचान पक्षधरबाट डकेन्द्रसिंह थेगिमसहित अन्य स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् ।

यस्तै बझाङ प्रदेश सभा (१) मा कूल ६१ हजार ७४८ मतदाता छन् । यहाँ ७४ मतदानस्थल र ९३ मतदान केन्द्रको व्यवस्था गरिएको आयोगले जनाएको छ । यहाँ १२ जना चुनावी प्रतिस्पर्धामा रहेका छन् । नेपाली कांग्रेसबाट अभिषेकबहादुर सिंह, नेकपा एमालेबाट दमनबहादुर भण्डारी, नेकपा माओवादी केन्द्रबाट जनकबहादुर बुढा, नेकपा एसबाट दिलबहादुर सिंह र जनता समाजवादी पार्टीबाट रामबहादुर जाग्री उम्मेदवार छन् ।

राष्ट्रिय मातृभूमि पार्टीबाट गजेन्द्रबहादुर थापा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट दीपकबहादुर खड्का, नेपाल मजदुर किसान पार्टीबाट खगेन्द्रबहादुर शाही, नेसनल रिपब्लिक पार्टीबाट कमल घर्तीमगर, जनमत पार्टीबाट सुशीला विष्ट, नेपाली जनता दलबाट अशोक सुनार र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट किशोरकुमार खड्का पनि चुनावी प्रतिस्पर्धामा रहेका छन् ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१५

यस कम्पनीको मिति २०८१/०१/१२ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **समय इको ट्रेक प्रा.लि. (प्रा.लि. नं. ३३४७६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **समय ट्रेक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**(प्रकाशित मितिः२०८१/०१/१५)**

यस कार्यालयबाट मिति २०७९/१०/१८ र २०८०/०१/२७ गते सूचनामा उल्लेख भएका लटहरू मध्ये लट नं. ३ को काठ/दाउराहरूको लागि सूचना अनुसारको समय भित्र रीतपूर्वक शिलबन्दी बोलपत्रहरू दर्ता हुन नआएकाले बदर भएको सो लटका लागि तेश्रो पटक, मिति २०८०/०१/२७ गते सूचनामा उल्लेख भएका लटहरू मध्ये लट नं. २३ को काठ/दाउराहरूको लागि सूचना अनुसारको समय भित्र रीतपूर्वक शिलबन्दी बोलपत्रहरू दर्ता हुन नआएकाले बदर भएको सो लटका लागि दोश्रो पटक तथा सर्लाही जिल्ला अदालतबाट मिति २०८०/१०/१२/६ मा भएको आदेश पर्चा र सोही अदालतको च.न. १४०८३ मिति २०८०/११/०६ को पत्रानुसार जिल्ला अदालतको मुद्दा नं. ०८०-C२-०००५ मा बरामदीत वन पैदावारहरू (काठ/दाउरा/प्लाईवुड पता) को कायम भएको लट नं. १/२०८०/८१ को लिलाम बिक्रीको लागि प्रथम पटक हुने गरी उल्लेखित जात र परिमाणको काठ/दाउरा घाटगद्दीमा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिबृद्धि करमा दर्ता भई वन नियमावलि, २०७९ को दफा १२८ बमोजिम काष्ठ व्यवसाय गर्ने सुचीकृत संस्था वा फर्मले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र लट अनुसारको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औं दिन शिलवन्दी वोलपत्र यस कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत जानकारी तथा सूचनाको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**डिभिजन वन कार्यालय सर्लाही, सम्पर्क नं. ०४६-५०१०८२**


## 'लू'बाट बच्न आग्रह

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावा 'लू'बाट बच्न सर्वसाधारणलाई आग्रह गरेको छ । मन्त्रालयले तराईमा तातो हावासँगै 'लू' चलेकाले सबैलाई बच्न आग्रह गरेको हो । 'लू'ले गर्दा मुटुको चाल तीव्र हुने, श्वासप्रश्वासमा समस्या हुने, रक्तचाप घट्ने, पसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिने गर्दछ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टचान्ट फिजिसियन डा. विमल चालिसेले गर्मी बढेसँगै तराईमा तातो हावा चलेर 'लू' लाग्ने गरेको बताए । उनले धेरै तातो हावाले मस्तिष्कमा असर गर्ने भएकाले तातो हावा चलेका बेला दिउँसो घर बाहिर ननिस्कन आग्रह गरे ।


**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय**
**रेडक्रसग्राम, चितवन**

**विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशन मितिः २०८१-०१-१५)


यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| S.N. | Bid IFB No. | Name of Projects | Date of 1st Notice Publication | Quoted Amount with VAT & PS (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 018/Works/NCB/KM/080/081 | Gaduwa Chowk Dekhi Bharatpur Jodney Khagedi Pool Sammako Sadak Tatha B.P Chowk Dekhi Purwa 4 No Ward Karyalaya Tarfa Sadak Marmat | 2080-11-22 (5th March, 2024) | 1,33,05,164.03 | Saiyan Construction, Ratnanagar-12, Chitwan | |

प्रमुख प्रशासकीय अधिकृत


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

वैशाख १५ गते २०८१, शनिबार

- **मेष** शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ ।
- **वृष** व्यवसायिक काममा फाइदा हुनेछ ।
- **मिथुन** मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ ।
- **कर्कट** मिहिनेतले आटेको काम सम्पन्न हुनेछ ।
- **सिंह** बोलिको माध्यमले काम सम्पन्न हनेुछ ।
- **कन्या** रमाइलो जमघट र खानपानको आनन्द हुनेछ ।
- **तुला** रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।
- **वृश्चिक** मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला ।
- **धनु** दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।
- **मकर** बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ ।
- **कुम्भ** सातामा संघर्ष गरेपनि सफलता पाइएला ।
- **मीन** पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख १५ गते, २०८१, २७ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘बौद्धिक पलायन रोक्न पाठ्यक्रम समय सान्दर्भिक बनाऔं’



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले देशमै बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत गर्न शैक्षिक पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउनुपर्ने बताएका छन् ।

पूर्वाञ्चल विश्वविद्यालयको १२औं दीक्षान्त समारोहलाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले पछिल्लो समय देखिएको बौद्धिक पलायनलाई रोक्नका लागि पाठ्यक्रम समयानुकूल परिवर्तन गर्न जरुरी देखिएको बताएका हुन् ।

‘युवा-विद्यार्थीमा देशमै बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत गराई बौद्धिक पलायनलाई रोक्नसमेत पाठ्यक्रममा आमूल परिवर्तन जरूरी देखिन्छ,’ प्रधानमन्त्री दाहालले भने, ‘प्रविधिमा आधारित नवप्रवर्तन र अनुसन्धानलाई उच्च प्राथमिकतामा राखेर पाठ्यक्रम तयार गरी अध्ययन गराउनुपर्छ । समृद्धिसँग जोड्ने व्यावसायिक शिक्षाको खाँचो बढ्दै गएको छ ।’

युवा सहभागिताविना देशलाई समृद्धितर्फ अगाडि बढाउन नसकिने बताउँदै प्रधानमन्त्री दाहालले युवा लक्षित उद्यमशीलता र नवप्रवर्तन तथा मानव संसाधन विकासमार्फत उत्पादन वृद्धि र रोजगारी सिर्जनामा विशेष जोड दिए । ‘युवा जोश, जाँगरयुक्त ज्ञान, सीप र क्षमतालाई देशले नियालिरहेको छ र योगदान खोजिरहेको छ,’ प्रधानमन्त्री दाहालले भने, ‘कूल जनसंख्याको करिब ४० प्रतिशत युवा जनसांख्यिक लाभ नेपालले लिन सक्नुपर्छ र हामीले यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्नैपर्छ ।’ शैक्षिक क्षेत्रको उन्नयनमा आमूल रूपान्तरण गर्न नसक्नु दु:खद् रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले शैक्षिक प्रणाली र यसले सिर्जना गरेको शैक्षिक बेरोजगारीको अवस्थालाई परिवर्तन गर्न जरुरी रहेको बताए । लामो समयदेखि विद्यालय तथा विश्वविद्यालय तहमा सिकाउनेभन्दा रटाउने शिक्षा पद्धति चलिरहेको अनुभूति हुने गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्राविधिक ज्ञान र सीपलाई विशेष जोड दिनसमेत निर्देशन दिए ।

### सात हजारभन्दा विद्यार्थी दीक्षित

पूर्वाञ्चल विश्वविद्यालयको १२औं दीक्षान्त समारोहमा विभिन्न संकायबाट अध्ययन पूरा गर्ने सात हजार ८५६ विद्यार्थी दीक्षित भएका छन् । शुक्रबार यहाँ आयोजित दीक्षान्त समारोहमा कला संकायमा स्नातक तहमा ८२ र स्नातकोत्तर तहतर्फ ७६ जनालाई दीक्षान्त उपाधि प्रदान गरियो ।

कानुन संकायमा स्नातकतर्फ २६४ र स्नातकोत्तर १०७, शिक्षाशास्त्र संकायतर्फ स्नातक तहमा ६३६ र स्नातकोत्तरतर्फ १६७, व्यवस्थापन संकायमा स्नातक तहतर्फ एक हजार ५४२, स्नातकोत्तरतर्फ ७६० र एमफिल तहका तीन जनालाई उपाधि प्रदान गरियो ।

विश्वविद्यालयका अनुसार विज्ञान तथा प्रविधि संकाय स्नातकतर्फ ६३४, स्नाकोत्तरतर्फ ५२ जना विद्यार्थीलाई दीक्षित गरियो । साथै इञ्जिनियरिङ संकाय स्नातकतर्फ ८९२, स्नातकोत्तरतर्फ १०८ जनालाई दीक्षित गरियो । चिकित्साशास्त्र संकाय स्नातकतर्फ दुई हजार ४६३, स्नातकोत्तर तहमा १५ जना गरी जम्मा दुई हजार ४७८ जनालाई उपाधि प्रदान गरियो ।

## विद्युत् बक्यौता राफसाफ गर्न अर्थमन्त्रीसँग मेयर्स फोरमको अनुरोध

**पाटन (ललितपुर)–** काठमाडौं उपत्यका मेयर्स फोरमले अर्थमन्त्री वर्षमान पुनसँग चालु आर्थिक वर्षसम्मको विद्युत् बक्यौता राफसाफ गरिदिन अनुरोध गरेको छ । विद्युत् प्राधिकरणले तीन महिनाअघि स्थानीय तहलाई विद्युत् महसुलको बक्यौता तिर्न बिलसहित पत्राचार गरेको थियो । काठमाडौं उपत्यका मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन नेतृत्वको टोलीले बिहीबार अर्थ मन्त्रालयमा अर्थमन्त्री वर्षमान पुनसँग विद्युत् महसुलको बक्यौता राफसाफ गरिदिन आग्रह गरेको छ ।

अध्यक्ष महर्जनले आगामी आवदेखि स्थानीय तहले आफ्नो विद्युत् महसुल तिर्ने बताए । ‘चालु आवसम्मको राफसाफ होस्, आउने आवदेखि ६०/४० मा जाऔं । विद्युत् महसुलबापत उठेको रकममध्ये ६० प्रतिशत स्थानीय तहले र ४० प्रतिशत विद्युत् प्राधिकरणले बेहोर्नुपर्ने व्यवस्था हुनुपर्छ,’ उनले भने ।

प्राधिकरणले २०७४ सालदेखिको महसुल असुल्न स्थानीय तहलाई पत्राचार गरेपछि उपत्यकाभित्रका स्थानीय तहहरू र मेयर्स फोरमले विरोध जनाउँदै आएको छ । अर्थमन्त्रीलाई भेट्न पुगेका जनप्रतिनिधिले नगरपालिकालाई प्राप्त बिलमा उल्लिखित रकम तथ्यपरक नभएको गुनासो गरेका छन् । ‘कहिलेदेखिको बिल हो भन्ने थाहा छैन, कसरी त्यति उठ्यो भन्ने पनि थाहा छैन, यो बिलले स्थानीय तहको ढाड सेक्छ,’ अध्यक्ष महर्जनले भने । काठमाडौं उपत्यकालाई उज्यालोसहित सुरक्षित बनाउने अभियानमा लागेका जनप्रतिनिधिलाई विद्युत् प्राधिकरणले निराश बनाएको उनको आरोप छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख तथा फोरमका महासचिव घनश्याम गिरीले आगामी आवदेखि विद्युत् महसुल तिर्न आफूहरू तयार भएको बताए । यसअघि फोरमका टोलीले ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेटेर स्थानीय तहलाई विद्युत् महसुल भुक्तानीको रकमउपर पुनर्विचार गर्न अनुरोध गरेका थिए । फोरमको गोकर्णेश्वरमा बसेको छैटौं बैठकले विद्युत् प्राधिकरणबाट विद्युत् महसुलको बक्यौता तिर्न आएको पत्रको बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीलाई भेटेर आफ्ना कुरा राख्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुरूप फोरमका पदाधिकारीहरू ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलाई भेट्न ऊर्जा मन्त्रालय पुगेका थिए । त्यसबखत मन्त्री बस्नेतले विद्युत् महसुल बक्यौताको बारेमा छलफल गर्न अर्थ मन्त्रालय जान अनुरोध गरेका थिए ।

अर्थमन्त्री पुनले काठमाडौं उपत्यका मेयर्स फोरमका जनप्रतिनिधिले राखेको मागमा छलफल गरेर अघि बढ्ने बताए । प्राधिकरण पनि सरकारको अंग भएकोले यो विषयमा सकारात्मक ढंगबाट अघि बढ्न सकिने उनले प्रस्ट पारे । ‘प्राधिकरण, ऊर्जा मन्त्रालयमा छलफल गरौं, सकारात्मक ढंगबाट अघि बढौं,’ उनले भने । आफू ऊर्जामन्त्री हुँदा पनि यो विषयमा छलफल गरेको उनले स्मरण गरे ।

विद्युत् महसुलको बक्यौता तिर्ने सन्दर्भमा कानुनी छलफल, कानुन संशोधनलगायतका विषयमा छलफल गर्ने प्रतिबद्धता व्यक्त गरे । अर्थमन्त्री पुनले विद्युत् महसुल नतिरेका कारण विद्युत् लाइन नकाट्न प्राधिकरणलाई निर्देशन दिए । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEAN.COM CLEANING SERVICE AND HOSPITALITY

पुर्व स्वीकृति मिति २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 300982 | चलानी नं. ६०२१५८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 5 | 1000 | ३६,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PREGO CONTRACTING AND CLEANING WLL

पुर्व स्वीकृति मिति २०८०/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 303376 | चलानी नं. ६०२१८२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 0 | 1000 | ३६,९७५ | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1200 | ४४,३७० | | | | | | | |
| 4 | Reinforce Fitter | 4 | 0 | 1200 | ४४,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9810125043, 9814462098
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL

पुर्व स्वीकृति मिति २०७९/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 277869 | चलानी नं. ६०१९५०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioner | 5 | 0 | 650 | ८६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 20 | 0 | 550 | ७३,२८५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 10 | 550 | ७३,२८५ | | | | | | | |
| 4 | Welder | 5 | 0 | 600 | ७९,९४५ | | | | | | | |
| 5 | Factory Worker | 20 | 0 | 550 | ७३,२८५ | | | | | | | |
| 6 | Tailor | 10 | 10 | 550 | ७३,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
ललितपुर, महालक्ष्मी न.पा, पिस टेक्निकल ट्रेनिङ सेन्टर प्रा.लि.मा मिति: २०८१ वैशाख ३०, ३१ र जेठ २ गते (12/13/15 May. 2024) मा हुनेछ ।
सुनसरी, इटहरी सब-मेट्रो, मुनाल ट्रेनिङ सेन्टरमा मिति: २०८१ जेठ १ गते (14 May. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ५०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHALMANI OVERSEAS PVT. LTD.**
Govt. License 828/066/67
Koteshwar-32, Kathmandu, Nepal
(Tel) Head Office: 01-5147227/5147228/9847906630 | Pokhara Branch: 061591499/9802854022/9802854860
Itahari Branch: 9800910067/025-590307/9802714260 | Chitwan Branch:9812423422/056-513916/9809139672
Mail: info@shalmanioverseas.com, Web: www.shalmanioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MSEC SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 291429 | चलानी नं. ६०२०६७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HANG FRUIT AND VEG SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No. 267539 | चलानी नं. ६०१८३४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART CLEAN FOR GENERAL TRADING CO.

पुर्व स्वीकृति मिति: २०८०/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०१/१३ | LT. No.286888 | चलानी न.६०२०२४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labor | 0 | 25 | 130 | ५६,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २१ गते (3rd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 286888 मिति: २०८१/०१/१४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAMOS SPA BEAUTY SALON COMPANY.

पुर्व स्वीकृति मिति २०८०/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT No :298585 | चलानी नं. ६०२१३५४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure Pedicure/massage Therapist | 0 | 2 | 140 | ६०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician/hair Dresser | 0 | 2 | 140 | ६०,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEVEN SON HOTEL APARTMENTS

पुर्व स्वीकृति मिति: २०८१/०१/१२ | LT. No. 303751 | चलानी नं. ६०२१८६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 2 | 0 | 1200 | ४२,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## Chandrapur Municipality
### Office of Municipal Executive
### Chandranigahpur, Rautahat

## INVITATION FOR CATALOGUE SHOPPING

***Date of publication: 2081/01/15***

Chandrapur Municipality, Rautahat intends to procure the following listed on the table below, under the Catalogue Shopping Procedure as described on the Public Procurement Act, 2063 and Public Procurement Rule, 2064 including amendments. All the listed eligible manufactures or authorized dealers are invited to enlist in standing list and submit sealed proposal with their catalogue containing Technical Data's, Specifications, Price and Service within 7 days from this notice within office hours. The manufacturers or authorized dealers must submit renewed and PAN registration certificate, Tax clearance certificate/Tax return certificate for F/Y 2079/80, self-declaration letter and letter of manufacturer's authorization along with the application.

| S.N. | Description of vehicle | Quantity | Remarks |
|---|---|---|---|
| 1. | Supply and Delivery of 500 mA X-ray Machine with DR system digital | 1 set | As per Approved Specifications. |
| 2. | Supply and Delivery of Hematology (5 parts coulter) | 1 unit | As per Approved Specifications. |

For further queries and detailed specifications visit https://chandrapurmun.gov.np/

**Chief Administrative Officer**

# ‘समृद्धिको आकांक्षा पूरा गर्न लगानी सम्मेलन ऐतिहासिक कोशेढुंगा सावित हुने छ’

‘इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट-२०२४’ अर्को साता (वैशाख १६ र १७ गते) काठमाडौंमा आयोजना हुँदै छ । सम्मेलनका लागि सरकारले आन्तरिक तयारी तीव्र पारेको छ । विभिन्न ५० भन्दा बढी देशका ७०० भन्दा बढी लगानीकर्ता सम्मेलनमा सहभागी हुने निश्चित भइसकेको छ । आर्थिक विकास र समृद्धि हासिल गर्न स्वदेशी पुँजीले मात्र नपुग्ने र विदेशी लगानीसमेत चाहिने आवश्यकता बोध गरेर सरकारले यो लगानी सम्मेलन आयोजना गरेको हो । नेपालमा लगानीको उत्कृष्ट वातावरण छ, र यहाँबाट लगानीकर्ताले आफ्नो लगानीको प्रतिफल सजिलै लैजान सक्छन् भन्ने सन्देश सरकारले सम्मेलनमार्फत दिन चाहेको छ । त्यसका लागि कानुनी सुधार, लगानीका प्राथमिकता क्षेत्र निर्धारण, उत्पादित वस्तु तथा सेवाको बजार सुनिश्चितलगायत महत्त्वपूर्ण आधारहरु पनि अहिले सरकारले तयार पारेको छ । प्रस्तुत छ, यसै सन्दर्भमा लगानी सम्मेलनको तयारी, त्यसको उपलब्धि अनुमान तथा अपेक्षा र सम्मेलनमार्फत नेपालले स्वदेशी एवं विदेशी लगानीकर्तालाई दिन चाहेको सन्देशबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री **दामोदर भण्डारी**सँग *राससकर्मी* **हेमन्त जोशी** र **राजेन्द्र विष्ट**ले गरेको कुराकानीः



**दामोदर भण्डारी**

**मन्त्री- उद्योग, वाणिज्य तथा आपूर्ति**

- हाम्रो प्राथमिकतामा रहेका क्षेत्र र आयोजनाप्रति लगानीकर्ताको चासो बढेको छ र स्वाभाविक रूपमा उहाँहरु पनि लगानी गर्न इच्छुक हुनुहुन्छ । यसकारण सम्मेलन दुवै पक्षका इच्छा र आकांक्षा मिलान गर्ने थलो बन्ने छ ।
- हिजोको अनुभवबाट शिक्षा लिएर पनि सरकार निजी क्षेत्रसँग सहकार्य गर्न खुला हृदयका साथ आह्वान गर्दछ । नीतिगत सुधारका प्रयास थाल्दा पनि हामीले निजी क्षेत्रसँग पर्याप्त छलफल गरेका छौं र सुझाव लिएका छौं ।
- आगामी आर्थिक वर्षको बजेटको सम्मुखमा लगानी सम्मेलन आयोजना हुन गइरहेको छ । वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत सरकारले लगानीको वातावरण बनाउनका लागि थप कदमहरु चाल्ने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

**लगानी सम्मेलनको पूर्वतयारीका काम कसरी अगाडि बढिरहेका छन् ? सम्मेलनलाई सफल र नतिजामुखी बनाउन सरकारले कसरी काम गरिरहेको छ ?**

लगानी सम्मेलनलाई सफल बनाउन सरकारले आन्तरिक गृहकार्य र पूर्वतयारीका कार्यलाई निकै प्राथमिकताका साथ अघि बढाइरहेको छ । यससम्बन्धी आवश्यक कार्यहरू तीव्र रूपमा भइरहेका छन् । यो भन्दा अगाडि पनि नेपालले दुईवटा लगानी सम्मेलन आयोजना गरिसकेको छ । ती सम्मेलनका अनुभव र अनुभूतिसमेतलाई ध्यानमा राखेर यो सम्मेलनलाई बढीभन्दा बढी नतिजामुखी बनाउनेगरी सरकारले काम गरिरहेको छ । हामी जहिले पनि लगानीमुखी वातावरणको कुरा गर्छौं र लगानी भित्र्याउन आवश्यक छ मात्रै भन्छौं, तर लगानीका लागि उपयुक्त खालको वातावरण सिर्जना र तद्अनुरूपको व्यावहारिक तदारुकतालाई कम महत्त्व दिन्छौं । लगानी सम्मेलनलाई नै केन्द्रमा राखेर अहिले सरकारले विभिन्न कानुन संशोधन गर्ने र नीतिगत रूपमा रहेका प्रश्न तथा कठिनाइको निरूपण गरेको छ । कानुनमा रहेका कमीकमजोरीहरूलाई सुधारको प्रयास थालिएको छ । राज्यको शासकीय स्वरूप परिवर्तन भए पनि हाम्रा केही कानुनहरू समय सापेक्षित हुन सकेका थिएनन् । लामो समयअघि बनेका कानुनहरू संशोधन गर्दै जाने, अभ्यास गर्दै जाने खालको स्थितिले गर्दा केही समस्या थिए । अहिले ती संशोधनको प्रक्रियामा गएका छन् र समयसापेक्ष भएर कार्यान्वयनमा आउने छन् ।

आन्तरिक तथा बाह्य पुँजी परिचालनका लागि कसरी सहज वातावरण तयार गर्न सकिन्छ भनेर हामीले निजी क्षेत्रसँगको पर्याप्त छलफलपछि कानुनी सुधारका प्रक्रिया अगाडि बढाएका हौं । निजी क्षेत्रले दिएका सुझावहरू समेत समेटेर लगानीसम्बन्धी विभिन्न आठवटा कानुनलाई अध्यादेशमार्फत संशोधन गर्ने गरी सोमबार मात्रै मन्त्रिपरिषद्ले निर्णय गरेको छ । अहिले नीतिगत रूपमा रहेका समस्या निरूपण भएर लगानीको वातावरण सिर्जना हुँदै गइरहेको छ । लगानी सम्मेलनका लागि थुप्रै मुलुकका लगानीकर्तालाई सम्मेलनमा भाग लिन निम्ता पठाएका छौं । विभिन्न देशका कूटनीतिक नियोगमार्फत पनि हामीले विभिन्न देशका लगानीकर्तालाई सम्मेलनबारे जानकारी गराएका छौं । अत्यन्त उत्साहप्रद ढंगले लगानी सम्मेलनमा सहभागिता रहने छ भन्ने विश्वास सरकारले लिएको छ ।

**यो सम्मेलनमार्फत सरकारले लगानीकर्तासँग कस्तो अपेक्षा राखेको छ र उनीहरूलाई दिन खोजेको सन्देश के हो ?**

हामीसँग प्राकृतिक स्रोत साधन पर्याप्त छ । ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार निर्माण, उद्योग तथा उद्यमशीलता विकासका लागि राम्रो सम्भावना छ । हाम्रा यी स्रोत साधनमा आधारित रहेर हाम्रो समृद्धिको आकांक्षा पूरा गर्ने विषयलाई लगानीसँग जोड्न चाहन्छौं । यी क्षेत्रमा लगानी गर्न हामीलाई पुँजीको आवश्यकता छ । लगानी गरेपछि त्यसको प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास लगानीकर्तालाई दिनु छ । हाम्रो प्राथमिकतामा रहेका क्षेत्र र आयोजनाप्रति लगानीकर्ताको चासो बढेको छ र स्वाभाविक रूपमा उहाँहरू पनि लगानी गर्न इच्छुक हुनुहुन्छ । यसकारण सम्मेलन दुवै पक्षका इच्छा र आकांक्षा मिलान गर्ने थलो बन्ने छ ।

**मुलुकमा लगानीको वातावरण बनाउन निजी क्षेत्रले लामो समयदेखि विभिन्न कानुनी, प्रक्रियागत तथा संरचनागत सुधारको माग गर्दै आएको थियो । अहिले सरकारले अध्यादेशमार्फत केही कानुन संशोधन तथा सुधारको प्रयास थालेको छ । यी सुधारबाट लगानीका लागि राम्रो वातावरण बन्छ र निजी क्षेत्र सन्तुष्ट हुन्छ भन्ने आधार के छन् ?**

हामी निजी क्षेत्रसँग सहकार्य गरेरै अगाडि बढ्न चाहन्छौं । हिजोका अभ्यास र कार्यशैली हेर्ने हो भने हामीले निजी क्षेत्रलाई प्रोत्साहित गर्न नसकेको हो कि जस्तो देखिन्छ । खासगरी मुलुकभित्र उद्योग र लगानीमैत्री वातावरण बन्न सकेन । यसका विभिन्न कारणहरू होलान् । कोभिड-१९ महामारी, विश्वव्यापी घटनाक्रमलगायत विभिन्न कारणले मुलुकमा आर्थिक संकुचनको अवस्था देखियो । यो समयमा उद्योग र आन्तरिक उत्पादनको क्षेत्रलाई जसरी उठाउन सक्नुपर्थ्यो, त्यो नसकेको स्वीकार्नुपर्छ । उद्यमशीलता तथा उद्योग क्षेत्रको विकास हुँदा रोजगारी सिर्जना, आन्तरिक उत्पादन वृद्धि, स्रोतसाधनको उपयोगबाट समग्र मुलुकको अर्थतन्त्रलाई टेवा पुऱ्याउने कुरामा विगतका दिनमा राम्रो वातावरण बन्न सकेन ।

हिजोको अनुभवबाट शिक्षा लिएर पनि सरकार निजी क्षेत्रसँग सहकार्य गर्न खुला हृदयका साथ आह्वान गर्दछ । नीतिगत सुधारका प्रयास थाल्दा पनि हामीले निजी क्षेत्रसँग पर्याप्त छलफल गरेका छौं र सुझाव लिएका छौं । पूर्वाधार निर्माण गर्दा वन, भूमि व्यवस्थालगायत क्षेत्रसँग देखिएको बेमेललाई अहिले कानुनी सुधारमार्फत सहज बनाउन खोजिएको छ । अन्तरमन्त्रालय र अन्तरनिकायबीच समन्वय नहुने अवस्था अन्त्य गर्नका लागि पनि यस्तो कानुनी सुधार आवश्यक थियो । विभिन्न आठवटा कानुन संशोधनका लागि अध्यादेशमार्फत प्रक्रिया अगाडि बढेको छ । जसमा भूमिसम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, जग्गा प्राप्ति ऐन २०३४, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, वन ऐन २०७६ र औद्योगिक व्यवसाय ऐन २०७६ लाई अध्यादेशमार्फत संशोधन प्रक्रिया अगाडि बढेको छ ।

यसले निजी क्षेत्रलाई औद्योगिक पूर्वाधार निर्माणका लागि सहज वातावरण बनाउने छ भन्ने अपेक्षा सरकारले गरेको छ । कानुन संशोधन प्रक्रिया अघि बढेपछि निजी क्षेत्र उत्साहित पनि भएको छ । आन्तरिक उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने गरी पुँजीको परिचालन गर्ने विषय अहिले महत्त्वपूर्ण छ । आगामी आर्थिक वर्षको बजेटको सम्मुखमा लगानी सम्मेलन आयोजना हुन गइरहेको छ । वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत सरकारले लगानीको वातावरण बनाउनका लागि थप कदमहरू चाल्ने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

**आर्थिक सूचकहरू सुधारोन्मुख देखिए पनि निजी क्षेत्र र समग्र बजारको मनोबल भने सुध्रिन सकेको छैन । विद्यमान शिथिलता अन्त्य गर्ने र बजार चलायमान बनाउने सन्दर्भमा सरकारले कसरी काम गरिरहेको छ ?**

अहिले सार्वजनिक वित्त व्यवस्थापनको पाटोमा केही समस्या छ । पुँजीगततर्फको खर्च बढ्न सकेको छैन । कूल बजेट आकारमा पुँजीगत खर्चको अंश निकै कम हुने र त्यसमा छुटयाइएको सबै रकम खर्च गर्न नसक्ने अवस्था हामीले भोगिरहेका छौं । हाम्रो पुँजी चलायमान भएन र थप पुँजी सिर्जना गर्न सकेन भने त्यसले आर्थिक वृद्धिदरलाई कमजोर बनाउँछ । उत्पादित वस्तुले बजार पाएनन् भने स्वाभाविक रूपमा आर्थिक संकुचन आउँछ । पुँजीगत खर्च बढ्न नसक्नुका कारण पहिचान गर्ने त्यसको निदान गर्ने सन्दर्भमा पूर्वबजेट छलफल चलिरहेका छन् । सँगैसँगै हाम्रा नीति एकातिर हुने र कार्यक्रम तथा योजना अर्कैतिर हुने समस्यालाई पनि समाधानका लागि सुधारका प्रयास थाल्दै छौं । सरकारको नीति, कार्यक्रम र प्राथमिकता जे छ, बजेट पनि त्यसैमा केन्द्रित भएर आउँछ । योजनाको छनोट चरणबाट नै हामीले सुधारका काम थाल्दै छौं । आन्तरिक उत्पादन तथा रोजगार वृद्धि गर्ने कार्यान्वयनयोग्य योजना बजेटको प्राथमिकतामा पर्छन् । उत्पादन र रोजगारमुखी योजनामा केन्द्रित भएर आगामी आर्थिक वर्षको बजेट आउने छ । पूर्वाधार निर्माणमा देखिएका व्यावधान हटाउने र विकासलाई गति दिनेगरी सरकारको नीति तथा कार्यक्रम र बजेट आउने छ । पुँजीगत खर्च बढाउनका लागि सार्वजनिक खरिद ऐनलगायत केही कानुनहरू संशोधन र सुधार गर्न आवश्यक छ । संसद्मा प्रस्तुत भएका र पारित गर्नुपर्ने ऐनहरूलाई आगामी अधिवेशनमा प्राथमिकताका साथ अघि बढाएर पारित गर्छौं । अहिले सरकार पुँजीगत खर्च बढाउने र आन्तरिक राजस्व वृद्धि गर्ने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको तयारीमा छ ।

**तपाईं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारीमा आएपछि के कस्ता सुधारका काम गर्नुभयो ? तपाईंका आगामी योजना के छन् ?**

गत फागुन तेस्रो साता मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा उद्योग मन्त्रालयको वार्षिक कार्यप्रगति करिब पाँच प्रतिशत हाराहारी मात्रै थियो । चालु आर्थिक वर्ष सकिन अब करिब साढे दुई महिनाजति मात्रै बाँकी छ । चालु आर्थिक वर्षको बजेटमा राखिएका थुप्रै योजना तथा कार्यक्रम कार्यान्वयनका लागि अहिलेसम्म पनि कार्यविधिहरू बन्न सकेका छैनन् । तर केही महत्त्वपूर्ण योजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा गएका छन् । लामो समयदेखि टुंगिन नसकेको ‘स्टार्टअप नीति’ टुंगिएर कार्यान्वयनमा गएको छ । निजी क्षेत्रसँगसमेत सहकार्य गरेर स्टार्टअप नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सवालमा अहिले उद्योग मन्त्रालय गम्भीर भएर लागिपरेको छ । स्वदेशी वस्तु उपभोग कार्यविधि, २०८० निर्माणको प्रक्रिया अन्तिम चरणमा छ । स्वदेशमा उत्पादित वस्तुको प्रयोगलाई बढावा दिन यो कार्यविधि बनेको हो ।

नेपाली उत्पादनले बजार नपाउने स्थितिको अन्त्य गर्नका लागि यो महत्त्वपूर्ण कदम हो । यही महिनाभित्रै त्यो कार्यविधि मन्त्रिपरिषद्बाट पारित भएर आउने छ । चालु आर्थिक वर्षको बजेटमा परेको प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमलाई कार्यान्वयनमा लैजाने तयारी अन्तिम चरणमा छ । औद्योगिक ग्राम र औद्योगिक क्षेत्र निर्माणका लागि बजेटमार्फत घोषणा भएको थियो । त्यसको निर्माणको कार्यलाई पनि तीव्रता दिइएको छ । एउटा प्रदेशमा एउटा औद्योगिक क्षेत्रको लागि पूर्वाधार बनाउने भनेर लामो समयदेखि सरकारले प्रक्रिया थालेको थियो । तर अपेक्षित गति लिन सकेको थिएन । अहिले औद्योगिक क्षेत्र निर्माणको प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइएको छ । लगानी सम्मेलनका क्रममा औद्योगिक क्षेत्र निर्माण आयोजनालाई सोकेसमा पनि राख्ने छौं । धौवादी फलाम खानी र दैलेखको पेट्रोलियम उत्खननलगायत खानी तथा खानीजन्य योजनालाई पनि महत्त्वका साथ अघि बढाएका छौं । दैलेखको पेट्रोलियम उत्खननका लागि यही वैशाख २३ गते ‘ड्रिल’ गर्ने तय भएको छ । विभिन्न चरणमा अड्केर बसेका कामलाई फुकाउनेगरी मन्त्रालय आफ्नो कार्ययोजनासहित अघि बढेको छ ।

**तपाईंले औद्योगिक ग्राम र औद्योगिक क्षेत्र निर्माणको सरकारी योजनाको काम सुस्त देखियो भन्नुभयो । निकै महत्त्वाकांक्षाका साथ अघि बढाइएका यी योजना के कति कारणले समस्यामा परे र कार्यान्वयन हुन सकेनन् ?**

एउटा पालिकामा एउटा औद्योगिक ग्राम र एउटा प्रदेशमा एउटा औद्योगिक क्षेत्र निर्माण गर्नेगरी सरकारले योजना अघि बढाएको थियो । सुदूरपश्चिममा बन्ने भनिएको दैजी-छेला औद्योगिक क्षेत्रको रुख कटान अन्तिम चरणमा पुगेको छ । लुम्बिनी प्रदेशमा बन्ने भनिएको नौबस्ता औद्योगिक क्षेत्रमा यही वर्षभित्र ठेक्का प्रक्रिया सुरू गरिसक्ने सरकारको योजना छ । लक्ष्मीपुर औद्योगिक क्षेत्रको डिपीआर निर्माणको चरणमा छ । मोतिपुर, शक्तिखोर, मयुरधाप र दमक औद्योगिक क्षेत्र निर्माणका लागि प्रारम्भिक चरणका कामहरू भइरहेका छन् । यी औद्योगिक क्षेत्र निर्माणका काममा केही व्यवधानहरू देखिएको र ढिलाइ भएको स्वीकार्नुपर्छ । अहिले संशोधन गर्न लागिएका ऐनहरूले पनि ती व्यवधान फुकाउने अपेक्षा सरकारको छ ।

**रुग्ण उद्योगहरू र केही सार्वजनिक संस्थानहरूको व्यवस्थापनको विषय सधैं उठ्ने गर्दछ । सरकारले लगानी गर्ने तथा आर्थिक दायित्व बेहोर्ने तर प्रतिफल दिन नसक्ने उद्योगहरूलाई कसरी व्यवस्थापन गर्छ ?**

नेपालको औद्योगिक क्षेत्रको विकासका लागि विभिन्न समयमा स्थापित उद्योगहरू अहिले रुग्ण अवस्थामा पुगेका छन् । रुग्ण अवस्थामा रहेका र सञ्चालनमा आउन नसकेको उद्योगहरूलाई अहिले अर्थ मन्त्रालयअन्तर्गतको निजीकरण एकाइमार्फत व्यवस्थापनको काम अघि बढाइएको छ । त्यस्ता उद्योगका सन्दर्भमा निजीकरण समितिले केही नीतिगत निर्णय गर्नुपर्ने हुन्छ । अब सरकारले उद्योग सञ्चालन गर्दैन । उद्योगी उद्योगीहरूले सञ्चालन गर्ने हो । निजी क्षेत्रलाई उद्योग सञ्चालनका क्षेत्रमा बढी केन्द्रित गर्छौं । लागत बढी रहेका उद्योगहरूमा बाह्य पुँजी पनि भित्र्याउँछौं । हाल रुग्ण अवस्थामा रहेका तथा सञ्चालन बन्द भएका उद्योगलाई कसरी सञ्चालनमा ल्याउने भनेर नयाँ मोडालिटीमा हामी तय गर्छौं । सार्वजनिक निजी साझेदारीलगायत लगानीका विभिन्न अवधारणामा केन्द्रित रहेर हामीले त्यस्ता उद्योग सञ्चालनको उपयुक्त मोडालिटी निर्धारण गर्छौं ।

**नेपालले बढी वैदेशिक व्यापार गर्ने भारत, चीन बंगलादेशसँग गरेका व्यापार तथा पारवहन सन्धिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको र केही मुलुकसँग त्यस्ता सन्धिहरू संशोधन गर्नुपर्ने अवस्थामा पुगिसकेका छन् । यस्ता सन्धिहरू पुनरावलोकन गर्ने विषयमा मन्त्रालयले कसरी काम गरिरहेको छ ?**

व्यापारसँग जोडिएका हाम्रा नीतिहरूको मुख्य प्राथमिकता भनेको नेपाली उत्पादनको निर्यात प्रवर्द्धन र बजारीकरण हो । हाम्रो व्यापार सन्तुलन कायम हुन सकेको छैन । स्वदेशी उत्पादित वस्तुले बजार नपाउने तर विदेशी वस्तु खपत गर्नुपर्ने अवस्था भनेको राष्ट्रिय समस्याकै रूपमा रहेको छ । यस्ता विषयलाई ध्यानमा राखेर हामीले वाणिज्य नीतिलाई नवीकरण तथा परिमार्जन गर्नुपर्ने छ । यो विषयलाई कूटनीतिक तवरले अगाडि बढाउनुपर्ने हुन्छ । नेपालमा उत्पादित वस्तु तथा सेवा विश्व बजारसम्म पुग्ने वातावरण बनाउनका लागि हाम्रा कूटनीतिक प्रयास जारी छन् । अहिले हामीले अघि बढाइरहेका विद्युतीय कारोबारसम्बन्धी विधेयक तथा बौद्धिक सम्पत्तिसम्बन्धी विधेयकहरूले पनि नेपालको व्यापार प्रवर्द्धनमा भूमिका खेल्ने छ भन्ने विश्वास हामीले लिएका छौं । विश्व व्यापार संगठनको सदस्य राष्ट्रका हैसियतले अल्पविकसित मुलुकका रूपमा नेपालले व्यापारका क्षेत्रमा पाउनुपर्ने सुविधाका कुरालाई हामीले महत्त्वका साथ उठाइरहेका छ । सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसके पनि पनि विश्व व्यापार संगठनले दिइरहेका व्यापारसम्बन्धी सुविधाको निरन्तरताका लागि पहल भइरहेको छ ।

**अन्त्यमा, लगानी सम्मेलन र मन्त्रालय तथा सरकारका कामकाजबारे केही भन्नुहुन्छ ?**

लगानी सम्मेलनमा सहभागी हुन, यहाँको लगानी आवश्यकताबारे बुझ्न र बढीभन्दा बढी लगानी गर्नका लागि हामीले थुप्रै देशका लगानीकर्तालाई आमन्त्रण, आह्वान र आग्रह गरेका छौं । हाम्रा छिमेकी राष्ट्र तथा मित्रराष्ट्रका लगानीकर्ता, दातृ निकाय, विकास साझेदारलाई नेपालका लगानीका सम्भावना पहिचान गराउने र लगानीका लागि आग्रह गर्ने सम्मेलनको मुख्य उद्देश्य हो । लगानीलाई हामी उत्पादन, रोजगारी र समग्र अर्थतन्त्रको पारस्थितिक प्रणालीसँग जोड्न चाहन्छौं । यो कार्यमा हाम्रो आन्तरिक तयारी तीव्र रूपमा भइरहेको छ । लगानी सम्मेलनलाई सफल र नतिजामुखी बनाउन सरकारका प्राथमिकता केन्द्रित भएका छन् । हाम्रा आयोजनाको प्राथमिकीकरण गर्ने, त्यस्ता आयोजनामा लगानीकर्ताको चासो तथा लगानीको इच्छा बुझ्ने, राम्रा लगानीकर्तालाई त्यस्ता आयोजनामा आवद्ध गराउने र लगानी भित्र्याउने वातावरण निर्माणका लागि यो सम्मेलनले आधार निर्माण गर्नेछ । लगानी वातावरण निर्माणका लागि सरकारको तर्फबाट कुनै पनि कसर बाँकी रहँदैन र सम्पूर्णरूपले सरकारले सहयोग गर्छ भन्ने सन्देश लगानीकर्तालाई दिनु छ । नेपालले चाहेको समृद्धिको आकांक्षा पूरा गर्न यो सम्मेलन ऐतिहासिक कोशेढुंगा सावित हुने छ भन्ने विश्वास हामीले लिएका छौं ।

## कर्णालीमा आगलागी

# चार वर्षमा ५५ जनाको मृत्यु

**काँक्रेविहार (सुर्खेत)**– कर्णाली प्रदेशमा विगत चार वर्षमा आगलागीबाट ५५ जनाको मृत्यु भएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आगलागीकै कारण ६७ करोड ९७ लाख ३२ हजार बराबरको क्षति भएको छ।

उक्त तथ्यांकअनुसार मुगुमा ३१ करोड २८ लाख ४४ हजार रूपैयाँबराबरको क्षति भएको छ। त्यस्तै, जुम्लामा ११ करोड ६६ लाख ४७ हजार रूपैयाँबराबरको क्षति भएको छ। कर्णालीमा आर्थिक वर्ष २०७७/७८, ०७८/७९, ०७९/८० र चालु आवको चैत मसान्तसम्म आगलागीमा परी ६७ जना घाइते भएका छन्। आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति कालीकोटमा भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक वीरबहादुर ओलीले जानकारी दिए।

ओलीका अनुसार कालीकोटमा १३ जना, डोल्पामा आठ जना, सल्यानमा सात, सुर्खेत र जुम्लामा छ-छ जना, दैलेखमा पाँच, मुगुमा चार, जाजरकोट, रुकुमपश्चिम र हुम्लामा दुई-दुई जनाको मृत्यु भएको छ। दुई सय ७८ घर परिवार विस्थापित भएका छन्। तीन सय ५८ वटा पशुचौपायाको क्षति भएको छ। चार वर्षमा सबैभन्दा बढी जुम्लामा १२३ घर परिवार विस्थापित भएका छन्। सल्यानमा ४०, जाजरकोटमा ३३, कालीकोटमा ३१, रुकुम पश्चिममा २५, सुर्खेतमा २०, दैलेखमा चार, हुम्लामा दुई घर परिवार विस्थापित भएका हुन्।

आगलागी तथा विभिन्न विपद्‌मा तत्काल उद्धारका लागि कर्णालीका १० वटै जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा ३५ जनाको टोली २४सै घण्टा तयारी अवस्थामा राखिएको प्रवक्ता ओलीले जानकारी दिए। आगलागी तथा वन डढेलो नियन्त्रणका लागि प्रहरी एक्लैले सम्भव नभएकाले स्थानीय सरकार तथा समुदायले सहयोग गर्नुपर्ने उनले बताए। कर्णालीमा वनजंगल नजिकै बस्ती र खरको छानो भएकाले आगलागीका घटना धेरै हुने गरेका छन्। चैत महिनामा मात्रै आगलागीमा परी कर्णालीमा सात जनाको मृत्यु भएको छ।

गत चैत २ मा बाख्रा चराउन गएका कालीकोटको खाडाचक्र-५ ढाडगाउँस्थित नवदुर्गा सामुदायिक वनमा लागेको डढेलोमा परी ५० वर्षका नन्दराम चौलागाईं र उनकी १२ वर्षीया छोरी हेमन्तीको मृत्यु भएको थियो। नन्दरामका ४५ वटा बाख्रा जलेर मरेका थिए। यस्तै चैत ३० गते हुम्लाको सर्केगाड गाउँपालिका-८ रादेउ कुरिल्ला लेखको आफ्नै भेँडीगोठमा राति आगलागी हुँदा ५५ वर्षीय हर्के ऐडीको मृत्यु भएको थियो। भेँडीगोठको आगलागीबाट ६० वटा भेँडासमेत मरेका थिए। चैतमै ३० मा डोल्पामा आगलागीमा परी १० वर्षका सुलज बुढाको मृत्यु भयो। उपचारका क्रममा जिल्ला अस्पताल डोल्पामा बुढाको मृत्यु भएको थियो।

त्यसैगरी चैत २६ गते डोल्पाको ठूलीभेरी नगरपालिका-३ स्थित मष्टा भवानी सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा गम्भीर घाइते भएका नेपाली सेनाको देवीदत्त गुल्मका तीन जना सिपाहीको मृत्यु भएको थियो। मृत्यु हुनेमा काभ्रे घर भएका ३८ वर्षका सेनाका जमदार केशवबहादुर जर्गा मगर र हुम्ला घर भएका २३ वर्षका सिपाही आशीष बुढा र जुम्लाको तातोपानी गाउँपालिका-४ का २४ वर्षीय हेमन्त रावत थिए।

कर्णालीमा अझै कतिपय घरमा टुकी, दियालो बाल्ने गरेको र चुरोट तमाखु खाँदा फालिएको आगोलगायतले आगलागी हुने गरेको प्रहरीको भनाइ छ। सहरी क्षेत्रमा भने विद्युत् सर्ट भई आगलागी हुने गरेका छन्।

गाउँका सामुदायिक वनमा घाँस राम्रो पलाउने भन्दै आगो लगाउने प्रवृत्ति रोकिएको छैन। गोठालो जाने स्थानीयवासी र बालबालिकाले आगो लगाउने गरेका छन्। आगो लगाउँदा कसैले कारबाही नभोगेका कारण बर्सेनि आगलागीका घटना बढेको हो। यसरी आगो लगाउँदा वनक्षेत्रसँगै जंगली जनावार, चरा चुरुंगी मासिने गरेको छ। *रासस*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ४ वैशाख १४ गते २०८१ मा प्रकाशित **Premium Human Resource** को **Isam Kabbani And Partners Constructions And Maintenance Llc** को चलानी नं.६०२१७१२५ को विज्ञापनमा Lot No. 300595 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

**PREMIUM HUMAN RESOURCE**
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np


## शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

### गाउँकार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०१/१४

यस कार्यालयबाट मिति २०८०।१२।०८ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | SPRM/NCB/DOP/WORKS/080-081-13 | Telang to Vijer Gaun Irrigation Project | Shey Samling Construction, Shey-Phoksundo RM, 05-Vijer, Dolpa | 8738692.1 |

**प्रमुख प्रशासकीय अधिकृत**

Invitation for Bids

## Mukhiyapatti Musaharniya Rural Municipality

### Office of the Rural Municipality Executive

Tulsiyahi Jabdi, Dhanusha

### INVITATION FOR BIDS

**Date of publication: 2081-01-15**

1. The Mukhiyapatti Musaharniya Rural municipality, office of municipal executive invites sealed quotation from registered suppliers for
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mukhiyapatti Musaharniya Rural Municipality Tulsiyahi Jabdi, Dhanusha Email address:-mmrmmun@gmail.com, Contact No. 9854029412

| S. N. | Contract ID:- | Name of Project | Bid Security Amount | Price of Bidding document |
|---|---|---|---|---|
| 1 | MMRM/SQ/GOODS/08/080-81 | Supply and Delivery of Electronics Desktop Computers And Printers | 50000.00 | 1000.00 |
| 2 | MMRM/SQ/GOODS/09/080-81 | Supply and Delivery of Motorcycle | 40000.00 | 1000.00 |

3. A complete set of bidding document may be purchase from the office Mukhiyapatti Musaharniya Rural municipality, office of municipal executive Tulsiyahi Jabdi Dhanusha, Madhesh Pardesh Nepal by eligiblebidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of nrs.1000.00 till during office hours.
   Name of the Bank: Prabhu Bank Ltd. Mukhiyapatti Branch, Name of the Office: Mukhiyapatti Musharniya Rural Municipality, Dhanusha Office Code no: Office Account no: 1480134531700143 Rajaswa (revenue) Shirshak no: 14229
4. Sealed bids must be submitted to the office Mukhiyapatti Musaharniya Rural municipality, office of municipal executive, Tulsiyahi Jabdi Dhanusha by hand on or before 12:00 on 2081/01/28 . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/01/28 at 14:00 at the office of Mukhiyapatti Musaharniya Rural Municipality Tulsiyahi Jabdi, Dhanusha. Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, 30 days beyond the validity period of the bid.
6. Of the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last the date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly of party any or all the sealed quotation without assigning any reason, whatsoever


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MORALISTIC CONTRACTING CLEANING HOSPITALITY AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT. No 290618 | चलानी नं. ६०२०५९६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 8 | 1000 | ३६,५६५ | | | | | | | |
| 3 | General Supervisior | 0 | 1 | 2500 | ९१,४१० | | | | | | | |
| 4 | Hair Beautician | 0 | 11 | 1700 | ६२,१६० | | | | | | | |
| 5 | Hanna Beautician | 0 | 8 | 1700 | ६२,१६० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,५६५ | | | | | | | |
| 7 | Labour | 4 | 0 | 1000 | ३६,५६५ | | | | | | | |
| 8 | Receptionist | 0 | 2 | 1100 | ४०,२२० | | | | | | | |
| 9 | Supervisior | 0 | 1 | 2500 | ९१,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**RATIONAL OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५३०/०७७/७८
Koteshwor-32, Kathmandu, Nepal - Tel:-01-4600027, 9841532876
Email:-overseasrational@gmail.com, Web:- www.rational.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZENON TRADING AND CONTRACTING CO

पुर्व स्वीकृति मिति २०७९/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ | LT No.267445 | चलानी नं.६०१८३७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 15 | 0 | 1000 | ३४,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1100 | ३८,४३० | | | | | | | |
| 3 | Gypsum Technician | 4 | 0 | 1200 | ४१,९२५ | | | | | | | |
| 4 | Labourer | 8 | 0 | 1000 | ३४,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : L & T HYDROCARBON SAUDI COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 303820 | चलानी नं. ६०२१८६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 99 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : L & T HYDROCARBON SAUDI COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 303821 | चलानी नं. ६०२१८६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 51 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : L & T HYDROCARBON SAUDI COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 303819 | चलानी नं. ६०२१८६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 96 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
Govt. License 938/067/068
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUAN ENTERPRISE CO-OPERATIVE SOCIETY.

पूर्व स्वीकृति मिति २०८१/०१/१३ | LT. No. 303655 | चलानी नं. ६०२१८६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 161762 | १,३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FUAN ENTERPRISE CO-OPRATIVE SOCIETY

पूर्व स्वीकृति मिति २०८१/०१/१२ | LT. No. 303656, 303657, 303654 | चलानी नं. ६०२१८६८५, ६०२१८६८४, ६०२१८६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 9 | 0 | 161762 | १,३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्क:** ३०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

**Lions International Nepal Pvt. Ltd.**
Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587
Email ID: lions.manpower@gmail.com, lions@mail.com




## शे फोक्सुन्डोमा 'द्रौपदी' को 'इन्ड क्ल्याप'

'द्रौपदी' फिल्मको छयांकन ४४ दिनमा समापन भएको छ । फागुन अन्तिममा डोल्पाको दुनइ, कालिका मन्दिरमा शुभमुहूर्त गरी सुटिङ थालिएको फिल्मको शुक्रबार शे फोक्सुण्डो तालमा 'इन्ड क्ल्याप' गरिएको जानकारी निर्देशक ऋषिराज आचार्यले दिएका छन् । अन्तर्राष्ट्रिय बजारलाई समेत मध्यनजर गरी निर्माण गरिएको फिल्ममा अडिसनबाट छनोट गरिएका नवकलाकारहरू प्रमुख भूमिकामा छन् । करिब चार वर्ष लगाएर स्क्रिप्ट लेखिएको बताइने 'द्रौपदी'मा आश्विनी शाही, गायक रवि ओड, कविराज भामलगायतको अभिनय छ ।









# 'बोक्सीको घर' प्रदर्शनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'बोक्सीको घर' प्रदर्शनमा आएको छ । अभिनेत्री केकी अधिकारीले निर्माण गरेको चलचित्र शुक्रबारदेखि प्रदर्शनमा आएको हो । चलचित्रमा मुख्य भूमिकामा उनी आफैं छिन् । चलचित्र क्षेत्रमा स्थापित नाम बनिसके पनि उनी उक्त भूमिका निर्वाह गर्न अभिनयको कक्षा लिएर चरित्र निर्माणका लागि छ महिना कार्यशालामा बसेकी थिइन् । त्यसपछि अडिसनमार्फत निर्देशक तथा लेखक सुलक्षण भारतीले अभिनेत्री अधिकारीलाई शीर्ष भूमिकामा सहमति दिएका हुन् ।

सयौं सांगीतिक श्रव्यदृश्य (म्युजिक भिडियो) मा अभिनय गरेपछि झन्डै डेढ दशक अगाडि 'स्वर' चलचित्रमार्फत अभिनेत्रीको रूपमा ठूलो पर्दामा आएकी अभिनेत्री अधिकारीले यस किसिमको अनुभव पहिलोपटक सँगालेकी हुन् ।

'मलाई त्यो भूमिका निर्वाह गर्नु थियो । मैले गरिरहेको कामभन्दा फरक भएकाले मैले नयाँ कलाकारजस्तै अभिनय सिकेर, अडिसन दिएर काम गरेकी हुँ,' अभिनेत्री अधिकारीले भनिन् । डेढ दशकपछि अडिसन दिनुको कारण उनलाई उक्त पात्रको भूमिका निर्वाह गर्दा देखाउन सकिने कलाकारिता र चलचित्रले उठान गरेको विषय नै थियो । कोरोना महामारी अगाडि उनले मण्डला नाटकघरमा नै उक्त नाटक हेरिन् । नाटक हेरेपछि शीर्ष भूमिका निर्वाह गरेकी सरिता गिरी र निर्देशक भारतीलाई बधाई दिइन् ।

गम्भीर विषयलाई मनोरञ्जनात्मक प्रस्तुति दिन सकिन्छ भन्ने उनलाई लागेको थिएन । त्यसपछि कोरोना महामारीका कारण भएको बन्दाबन्दीमा अभिनेत्री अधिकारीले चलचित्र बनाउने सोच आउँदा 'बोक्सीको घर'लाई भुल्न सकिनन् । पहिलो निर्माण गरेको चलचित्र भारतीय चलचित्रको नक्कल रहेको आरोप खेपेकी अभिनेत्री अधिकारीले यसपटक मौलिकसँगै सामाजिक विषयलाई पर्दामा ल्याउने अठोट गरिन् ।

'मैले यो कथालाई बढीभन्दा बढी दर्शकलाई देखाउनुपर्छ भनेर चलचित्र बनाउने प्रस्ताव लिएर निर्देशक भेटेँ । उहाँले सुरुमा अस्वीकार गर्नुभयो तर मैले निरन्तर प्रयास गरेर सहमत गराएँ । तर, उनले केही सर्त राख्नुभयो । सोही कारण मैले अभिनय यात्रा सुरू गरेको डेढ दशकपछि नयाँझैं सुरुआत गरेँ । कपालसमेत मुण्डन गरेकी थिएँ,' अभिनेत्री अधिकारीले भनिन् । प्रायः नेपाली चलचित्रमा अभिनेत्रीलाई अभिनेताका लागिमात्र राखिने गरेकोबारे उनी अवगत नै छिन् । उनले पनि यस्तै भूमिका निर्वाह गर्दै आएकी छन् । त्यसैले पनि अभिनेत्रीले निर्माण गर्ने चलचित्रले महिला सशक्तीकरणको विषयसँगै मौलिक कथालाई अगाडि ल्याउनुपर्छ भन्नेमा उनी स्पष्ट थिइन् ।

'धेरै चलचित्रमा अभिनेत्रीले परनिर्भर भूमिका खेलेका छन् । सायद, पुरुष हिरो हुँदा चलचित्र चल्छ भन्ने मान्यता पनि होला । त्यही कारण पनि यसपटक चलचित्रमा अधिकांश मुख्य पात्र महिला नै छन् । यो हाम्रो समाजमा भइरहेको तर हामीले ध्यान नदिएको कथा हो,' अभिनेत्री अधिकारीले भनिन् । चलचित्रमा रमा थपलिया, सुपला सापकोटा, स्वेच्छा राउत, सुष्मा निरौला, सबिन बाँस्तोलालगायतका कलाकारले अभिनय गरेका छन् ।

# 'आँखा'को फर्स्ट लुक सार्वजनिक




**काठमाडौं (प्रस)–** सामाजिक विषयवस्तुमा निर्माण भएको फिल्म 'आँखा'को फर्स्ट लुक पोस्टर सार्वजनिक गरिएको छ । निर्माण ब्यानर लामा सिनेमा प्रालिले शुक्रबार फिल्मको फर्स्ट लुकसँगै थिम पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति पनि तोकेको छ । फिल्म आगामी असार १४ बाट सार्वजनिक प्रदर्शनमा आउने छ ।

जौन योञ्जनको निर्देशनमा तयार भएको फिल्मको सार्वजनिक पोस्टरमा प्रायः सबैजसो प्रमुख कलाकारहरूलाई स्थान दिइएको छ । 'आँखा'भित्र कलाकारहरूलाई पस्तुत गरिएको छ भने त्यसको बीचमा सूर्यमुखी फूललाई समेत जोडिएको छ । अर्को थिम पोस्टरमा पनि फोहोरको थुप्रोमाथि सूर्यमुखी अंकित हुँदा त्यसले फिल्मको कथामा भिन्न संकेत गरेको अनुमान लगाउन सकिन्छ ।

'मानवता, सामाजिक दबाब, नैतिक र गरिबीजस्ता विभिन्न जटिल विषयवस्तुहरू अन्वेषण हुन जरुरी छ । यो फिल्म आधुनिक समाजमा तल्लो वर्गको संघर्ष र बाँच्नका लागि मानिसहरू समयको कति लामो गहिराईसम्म जान्छन् भन्ने मार्मिक दृष्टिकोण हो,' पोस्टर सार्वजनिक गर्दै निर्देशक योञ्जनले भनेका छन्, 'दुःख एक्लोपनजत्तिकै भयानक र त्रासपूर्ण हुन्छ, यही परिधिभित्रको रमाइलो कथा 'आँखा' हो ।'


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YSR CARPENTRY & FLOORING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८१/०१/१४ LT. No. 303698 चलानी नं. ६०२१८७०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 5 | 0 | 1200 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 3 | Building Laborer | 9 | 0 | 1000 | ४३,५३५ | | | | | | | |
| 4 | Carpenter | 8 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 5 | Concrete Mason | 13 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 6 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 7 | House Builder | 5 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 8 | Reinforcing Fitter Assistant | 2 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 9 | Scaffolder | 7 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 10 | Steel Fixer | 3 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 11 | Stone Mason | 5 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 12 | Tile Layer | 5 | 0 | 1200 | ४३,५३५ | | | | | | | |
| 13 | Tile Layer Assistant | 5 | 0 | 1200 | ४३,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते (6th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PARADISE HUMAN RESORCE PVT. LTD

श्रम ईजाजत नं. १६८४/०८०/८१

KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMS AL BIDAYA TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०१/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१४ LT. No. 285673 चलानी नं. ६०२०११३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 1 | 0 | 1300 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २२ गते (4th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

